आज मिति २०८० साल श्रावण २६ गते शुक्रबारका सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डेको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक वसी निम्न बमोजिमको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

<u>विशेष उपस्थिति</u>

| | |
|---|---|
| मा. अशोक कुमार राई | जनता समाजवादी पार्टी (संघीय सांसद) |
| मा. भीम प्रसाद आचार्य | ने.क.पा.(एमाले) (संघीय सांसद) |
| मा. भगवती चौधरी | ने.क.पा.(एमाले) (संघीय सांसद) |
| मा. ज्ञानेन्द्र बहादुर कार्की | नेपाली कांग्रेस (संघीय सांसद) |
| मा. अशोक कुमार चौधरी | राष्ट्रिय स्वतन्त्र पार्टी (संघीय सांसद) |
| मा. कल्पना चौधरी | नेपाली कांग्रेस (संघीय सांसद) |
| मा. रमेश कुमार बस्नेत | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. विजय कुमार राई | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. रेवतीरमण भण्डारी | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. राम प्रसाद महतो | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. रोहित बहादुर कार्की | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. रामदेव यादव | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. सदानन्द मण्डल | नेपाली कांग्रेस (प्रदेस सांसद) |
| मा. ईस्राइल मंसुरी | नेपाली कांग्रेस (प्रदेस सांसद) |
| मा. मिना श्रेष्ठ | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. यशोदा कायस्थ | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. निरादेवी खनाल आचार्य | ने.क.पा.(एमाले) (प्रदेश सांसद) |
| मा. ममता तामाङ्ग मगर | ~~ने.क.पा.(एमाले)~~ (प्रदेश सांसद) |
| मा. सुनिता कुमारी गुरुङ् (राम) | ~~ने.क.पा.(एमाले)~~ (प्रदेश सांसद) |
| मा. सुनिता गच्छदार चौधरी | नेपाली कांग्रेस (प्रदेश सांसद) |
| मा. सपना दर्जी | ने.क.पा. (माओवादी केन्द्र) (प्रदेश सांसद) |
| समन्वय प्रमुख श्री राजन मेहता | जिल्ला समन्वय समिति, सुनसरी |

<u>उपस्थिति</u>

| | |
|---|---|
| प्र.जि.अ. श्री हुमकला पाण्डे | जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| नगर प्रमुख श्री हर्क सामपाङ्ग राई | धरान उप-महानगरपालिका, सुनसरी |
| नगर प्रमुख श्री हेमकर्ण पौडेल | इटहरी उप-महानगरपालिका, सुनसरी |
| प्रमुख श्री केदार भण्डारी | ईनरुवा नगरपालिका, सुनसरी |
| प्रमुख श्री बेदनारायण गच्छदार | दुहवी नगरपालिका, सुनसरी |
| प्रमुख श्री शंकरलाल चौधरी | रामधुनी नगरपालिका, सुनसरी |
| प्रमुख श्री रमेश कार्की | बराहक्षेत्र नगरपालिका, सुनसरी |
| अध्यक्ष श्री ऐयुव अन्सारी | कोशी गाउँपालिका, सुनसरी |
| अध्यक्ष श्री गफार अन्सारी | हरिनगर गाउँपालिका, सुनसरी |
| अध्यक्ष श्री बेचत प्रसाद मेहता | देवानगञ्ज गाउँपालिका, सुनसरी |
| अध्यक्ष श्री जिवछ कुमार राय | बर्जु गाउँपालिका, सुनसरी |

| | |
|---|---|
| अध्यक्ष श्री आश नारायण चौधरी | गढी गाउँपालिका, सुनसरी |
| अध्यक्ष श्री अजमल अख्तर मिया | भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री मातृका भट्टराई | धरान उप-महानगरपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री राम चरित्र मेहता | इटहरी उप-महानगरपालिका, सुनसरी |
| स.प्र.जि.अ. श्री माधब प्रसाद ढुङ्गाना | जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| स.प्र.जि.अ. श्री ओम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| प्र.प्र.अ. श्री दशरथ राई | ईनरुवा नगरपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री राज कुमार के.सी | दुहवी नगरपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री कमल बहादुर थापा | रामधुनी नगरपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री रिद्धि प्रकाश सिटौला | बराहक्षेत्र नगरपालिका, सुनसरी |
| प्र.से. श्री अमित लामा उ.से. ममता ख्वाल | कृष्णदल गण, सुनसरी |
| प्र.उ. श्री प्रभु प्रसाद ढकाल | जिल्ला प्रहरी कार्यालय, सुनसरी |
| स.प्र.उ. श्री लकेश कुमार तुम्बाहाङ्फे | स.प्र.बल नेपाल, नं. ४ गण हे.क्वा., सुनसरी |
| प्र.उ. श्री श्याम कुमार महतो | नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, सुनसरी |
| उप.अ.नी श्री तिलक शर्मा प्रसाई | रा.अ.जि.का., सुनसरी । |
| प्र.प्र.अ. श्री चोलाराज दङ्गाल | कोशी गाउँपालिका सुनसरी |
| प्र.प्र.अ. श्री तुलाराज थापामगर | हरिनगर गाउँपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री रामराज पौडेल | देवानगञ्ज गाउँपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री कमलदेव यादव | बर्जु गाउँपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री उमेश घिमिरे | गढी गाउँपालिका, सुनसरी |
| प्र.प्र.अ. श्री सुवर्ण घिमिरे | भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी |

अध्यक्ष - वीरेन्द्र शाह - उद्योग वाणिज्य संघ इनरुवा

अध्यक्ष दुर्गा बहादुर कार्की - रा. प्र. पा. सुनसरी

प्रमुख - धर्मनाथ यादव - डि. व. का. सुनसरी

का. प्र. - डा. संजीत यादव - जि. आयुर्वेद

इ. निमेश रिसाल — नेपाल विद्युत प्राधिकरण इनरुवा वितरण केन्द्र

इ. विवेक झा — शहरी खानेपानी आयोजना

प्रमु चिकित्सक कुमार (सिंह राज्य) गैरीरत्न अस्पताल तथा प्रमु सं. विजय कुमार

दीपेन्द्र राजेन्द्र, पवित्रा पडेवा कृषि ज्ञान केन्द्र, अधिकृत

गणेश प्र. चापागाई बर्जु गा.पा. इनरुवा

सालिग्राम ढ्याँपाने DEOC सुनसरी

सन्तोष श्रेष्ठ, फायरमेन विराटनगर

प्रमिला पराजुली फायरमेन विराटनगर

प्रमुख ईश्वर प्रसाद कुंवर फायरमेन विराटनगर

प्र. मनिष दुवेदी ओम द सर्व रामधुनी

हिमाल भण्डारी इटहरी उप-म.न.पा. स्वास्थ्य महाशाखा

ईश्वर कुमार शाक्य - यो.प्र. - रा.वि.ई. बहान सडक योजना, इटहरी

नगिरेश १८८८

ज.पा

महेश्वर

मधुराम नौपाने - अध्यक्ष, गौतम मडोलेक नेपाल, सुनसरी

वीर बहादुर लिम्बु - नेकपा एमाले जिल्ला समितिका प्रमुख ९८४२०४०४३३

पुष्प भट्टराई

Save the earth Sunsari

रमेश भट्टराई HR Network Sunsari

योगेन्द्र प्र. मण्डल (प्रमुख) जिल्ला अध्यक्ष नेकपा माओवादी

विजय कुमार साह जनलोकतान्त्रिक धरान ड.ना.न.पा.

अमित कुमार झा पत्रकार महासंघ सुनसरी कोषाध्यक्ष

अरविन्द विक्रम बस्नेत धरान उ.न.पा. ५४-८५१४

रामचन्द्र महरिंगेत, उपाध्यक्ष, नेकपा (एम) सुनसरी

रामनारायण मेहता (अध्यक्ष) लोकतन्त्र पार्टी सुनसरी

विष्णु मण्डल कोषाध्यक्ष नेपाल रेडक्रस सोसाइटी सुनसरी

सागर प्रसाई, सञ्चा. रेडि. प्रमुख, ...

उर्मिला राई, प.ई.नी.अ. स्वास्थ्य सुं.

दिक्षा श्रेष्ठ, ड. स्वा. अ. स्वा. का. उपा. Diksha

रामकृष्ण ... अध्यक्ष उद्योग वाणिज्य संघ ...

शान्तिराम कार्की सहायक (जनसरी) उद्योग वाणिज्य ...

करुणा थिमिर अधि.अ., नेपाल रेडक्रस सोसाइटी

राज कुमार राई, ... इटहरी सुनसरी

Dr Vijay Khadka

Dr. Vijay K. Khadka BPKIHS Dharan

निर्णयहरु

१. मिति २०८०।०४।१६ गते प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा वसेको डेङ्गी नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रमवाट भएको निर्णय बैठकमा जानकारी गराइयो ।सो सम्बन्धमा भएको निर्णय बमोजिम कार्य गर्ने/गराउने ।

२. डेङ्गी रोगको संक्रमणले सुनसरी जिल्लाका १२ स्थानीय तहहहरुमा ८४९२ केश र ९ जनाको मृत्यु समेत भएको, धरान उपमहानगरपालिकाका २० वटै वडामामात्रै ७१६८ जनामा संक्रमण र ९ जनाको मृत्यु भइसकेको । हाल उक्त रोग तिव्ररुपले संक्रमण फैलिरहेको हुनाले धरान उपमहानगरपालिकाको अवस्थालाई मध्यनजर गरी "जनस्वास्थ्यको आपतकालीन अवस्था" (Public Health emergency) घोषणाका लागि जिल्ला विपद व्यवस्थापन समिति, सुनसरीलाई अनुरोध गर्ने भनी स्वास्थ्य कार्यालय, सुनसरीको च.नं. ४९ मिति २०८०/०४/२१ गतेको पत्रसाथ प्राप्त द्रूत प्रतिकार्य टोली RRT को मिति २०८०/०४/२१ गते बसेको वैठकवाट अनुरोध भएको तथा मिति २०८०।०४।२१ गते वसेको जिल्ला सुरक्षा समितिको बैठकवाट समेत निर्णय भएकोले सोही बमोजिम धरान उपमहानगरपालिकालाई डेङ्गी संक्रमण नियन्त्रणमा नआउन्जेलसम्मलाई "जनस्वास्थ्यको आपतकालीन अवस्था" (Public Health emergency) घोषणा गर्न गृह मन्त्रालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशलाई अनुरोध गर्ने ।

३. पशुहरुमा लाग्ने लम्पी स्कीन रोगले जिल्लामा धेरै पशुधनको क्षति भएको र हाल झनै महामारीको रुपमा देखापरेकोले लम्की रोग नियन्त्रण, रोकथाम उपचारका लागि उच्च प्राथमिकताका साथ सबै स्थानीय तहहरु र सम्बद्ध निकायले अभियान चलाउने र लम्की रोग नियन्त्रण गर्न सम्पूर्ण सरोकारवालाहरुले आवश्यक सहयोग गर्ने । पशुहरुको बिमा गर्न उत्प्रेरित गर्ने, साथै स्थानीय पालिकाहरुलाई समेत राहत तथा उद्धारका लागि पहल गर्ने ।

४. स्वास्थ्य सामग्री (सीटामोल, जीवनजल, Kits) लगायतका सामग्रीहरु बिरामीलाई आवश्यक परेका समयमा उपलब्ध गराउन सक्ने गरी भण्डारण गर्न गराउन स्थानीय तहलाई अनुरोध गर्ने ।

५. हाल जिल्लामा सबै वर्ग तथा उमेरका मानिसहरुमा देखिएको एडिनो भाइरस कन्जन्टिभाइटिस (आँखा पाक्ने रोग) नियन्त्रणका लागि सबै नागरिकहरुलाई स्वास्थ्य प्रोटोकल पालना गरी रोगको नियन्त्रणका लागि सचेतना गराउने ।

६. यस जिल्लाको ~~कोशी गाउँपालिका~~ रहेको कोशीटप्पु बन्यजन्तु आरक्षको नजिकमा पर्ने कोशी, रामधुनी, बराहक्षेत्र र भोक्राहा नरसिंह गाउँपालिकाहरुमा जंगली हात्तीले समय समयमा गाउँ क्षेत्रमा प्रवेश गरी बाली नाली नष्ट गर्नुका साथै स्थानीयहरुको ज्यान समेत गइसेकोले स्थानीय पालिका समेतको सहयोगमा मानव जनावर द्वन्द व्यवस्थापनका लागि बिशेषज्ञको सहितको टोलीवाट नियन्त्रणको प्रयास गर्ने।

७. कोभिड-१९ रोग संक्रमण विरुद्धको बुस्टर खोपको लगाउने प्रतिशत संख्या सुनसरी जिल्लामा न्युन देखिएकोले सबै स्थानीय तह, कार्यालय तथा सरोकारवाला सम्पूर्णले आ-आफ्ना मातहतका

कर्मचारी तथा नागरिकहरुलाई बुस्टर खोप प्रयोग गर्न जनचेतनासहितको अभियान सञ्चालन गर्ने ।

८. जिल्ला स्वास्थ्य कार्यालय सुनसरीले तयार पारेको सुनसरी जिल्लाको कोभिड-१९ केस अनुसन्धान तथा व्यवस्थापन रिपोर्ट -२०२३ विमोचन गरियो ।

९. मानव स्वास्थ्यसँग सम्बन्धित सबै प्रकारका सूचनाहरु एकद्वार प्रणालीबाट स्वास्थ्य कार्यालय मार्फत सबै स्थानीय तह तथा सरकोरावाला सम्पूर्णलाई उपलब्ध गराउने । सोका लागि स्थानीय र जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) ले समन्वकारी भूमिका खेली स्वास्थ्य कार्यालयसँग समन्वय गरी दैनिक रिपोर्टिङ्ग गर्ने । थप जानकारीका लागि DEOC को सम्पर्क नं. ०२५-५६५४९४ मा सम्पर्क गर्न अनुरोध गर्ने ।

१०. जल तथा मौसम पूर्वानुमान विभागले नेपालभर भारी वर्षात् भई खोला नालाहरुमा पानीको मात्रा बढ्न जाने भनी पूर्वानुमान गरेको सन्दर्भमा खोला छेउछाउमा रहेका वस्ती विशेषतः कोशी ब्यारेज तथा बराहक्षेत्र स्थित बानडाडा तथा कोशी नदिको आसपासका क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई सो सम्बन्धमा जानकारी गराइ सतर्क रहन अनुरोध गर्ने ।

११. मनसुनमा बाढी पिडितलाई गर्नु पर्ने सहयोग/राहत तत्काल On The Spot उपलब्ध गराउन सम्बन्धित निकायहरु तयारी अवस्थामा रहने । वडास्तरसम्म विपद् उद्धार तथा प्रतिकार्य योजना तर्जुमा गरी सोहीअनुरुप कार्यन्वयन गर्ने ।

१२. आगलागी, बाढी तथा डुबानबाट निजी घर क्षतिग्रस्त भई पूनर्निमाण गर्न स्थानीय तहबाट सिफारिससहित काठ उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयमा प्राप्त भएमा जिल्ला वन पैदावार आपूर्ती समितिवाट काठ उपलब्ध गराउन आवश्यक सिफारिश जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराउने ।

१३. जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालयले बाढी तथा कटान नियन्त्रणका लागि तत्काल तार/जाली र बोरा तयारी राख्ने ।

१४. सबै स्थानीय तहहरुले योजनाबद्ध रुपमा सरोकारवाला सम्पूर्ण निकायहरुसँग समन्वय गरी आ-आफ्नो क्षेत्रमा मानव स्वास्थ्यसँग सम्बन्धित बिभिन्न खोज र नष्ट गर अभियान अभियान, स्वास्थ्यकर्मी व्यवस्थापन, उपचार पद्धती, CBC test लगायतका unified कार्यक्रमहरु सञ्चालनमा ल्याउने ।

१५. आजको कार्यक्रममा प्रदेश माननिय, स्थानीय पालिकाका प्रमुख/उपप्रमुख लगायत सरोकारवाला निकायका प्रतिनिधिहरु तथा आजको यस बैठकको समन्वय तथा व्यवस्थापन गर्ने स्वास्थ्य कार्यालय सुनसरीलाई धन्यवाद दिने ।